### ७३. लिक्वीडेटरको नियुक्ती:

१) दफा ७२. बमोजिम कुनै सहकारी संघ, संस्थाको दर्ता खारेज भएमा दर्ता गर्ने अधिकारीले लिक्वीडेटर नियुक्ती गर्नेछ ।

२) उपदफामा १) मा जुनसुकै कुरा लेखिएको भएतापनि संघीय कानूनमा तोकिएको सीमा सम्मको सम्पत्ति भएको सहकारी संघ, संस्थाको हकमा दर्ता गर्ने अधिकारीले कुनै अधिकृत स्तरका कर्मचारीलाई लिक्वीडेटर नियुक्ती गर्नसक्नेछ ।

### ७४. लिक्वीडेशन पछिको सम्पतिको उपयोग:

कुनै सहकारी संघ, संस्थाको लिक्वीडेशन पश्चात सबै दायित्व भुक्तान गरी बाँकी रहन गएको सम्पत्तिको उपयोग संघीय कानूनमा तोकिए बमोजिम हुनेछ ।

### ७५. दर्ता गर्ने अधिकारी:

१) यस ऐन अन्तर्गत दर्ता गर्ने अधिकारीले गर्नुपर्ने कार्यहरू पोखरिया नगरपालिकाको कार्यपालिका र प्रमुख प्रशासकीय अधिकृतले गर्नेछ ।

२) उपदफा १) बमोजिमको दर्ता गर्ने अधिकारीले यस ऐन बमोजिम आफूमा रहेको कुनै वा सम्पूर्ण अधिकार आफू मातहतको कर्मचारीलाई प्रत्यायोजन गर्नसक्नेछ ।

### ७६. दर्ता गर्ने अधिकारीको काम, कर्तव्य र अधिकार:

यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य तथा अधिकारको अतिरिक्त दर्ता गर्ने अधिकारीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

१) सहकारी संघ संस्था दर्ता, दर्ता नियमित र नविकरण गर्ने गराउने,



२) नगरपालिका भित्रको सहकारी संञ्चालन, व्यवस्थापन, क्षमता विकास र नियमन योजना तयार गर्ने र स्विकृत गराई लागु गर्ने गराउने,

३) नगरपालिका क्षेत्र भित्र सहकारी संस्थाहरु, पोखरिया नगरपालिका विषयगत सहकारी संघहरु, अनुमति, स्वीकृति, सिफारिसका लागि प्राप्त आवेदन तथा उजुरी उपर छानविन, स्थलगत निरिक्षण लगायत कार्य गरी निर्णयार्थ पेश गर्ने,

४) सहकारीहरुको क्षमता, शिप र दक्षता अभिवृद्धीका लागि आवश्यक आर्थिक अनुदान तथा स्रोतको खोजी गर्ने ।

५) सहकारी संघ/संस्था संञ्चालन व्यवस्थापन, संञ्चालक तथा सदस्यहरुको क्षमता विकास र आय आर्जन एंव उत्पादन, रोजगारी र विकासको लागि सहजिकरण गर्ने।

६) विशिष्टिकृत सहकारी निर्माणमा सहयोग पुर्याउने ।

७) पोखरिया नगरपालिकामा दर्ता भई सञ्चालनमा रहेका सहकारी संघ/संस्था/वैङ्कहरुले तोकिएको शर्त अनुरुप कार्य गरे नगरे अनुगमन गर्ने व्यवस्था मिलाउने ।

८) सञ्चालक समितिलाई निर्देशन दिने, जागरुक र सचेत गराउने, गुणस्तर कायम राख्न सूचक निर्धारण गर्ने र प्रगति मूल्याङ्कन गर्ने। सेवाजा आधारमा आवश्यक प्रोत्साहन, नसिहत र दण्ड गर्ने सुचकहरु वनाई नगरपालिका सहकारी समन्वय समितिमा पेश गर्ने तथा पारित एंव निर्णय भएका विषय कार्यान्वयन गर्ने/गराउने ।

९) अन्य तोकिए बमोजिमका कार्यहरु गर्ने ।

## परिच्छेद -१३

## नगरपालिका सहकारी समन्वय तथा अनुगमन समिति सम्वन्धी व्यवस्था

### ७७. नगरपालिका सहकारी समन्वय तथा अनुगमन समिति :

१) पोखरिया नगरपालिकामा दर्ता भई नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने सम्पूर्ण सहकारी संघ, संस्थाहरुको रेखदेख,

यस ऐन बमोजिम अनुसन्धान गर्नको लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ ।

**९४. मुद्दासम्वन्धी व्यवस्थाः**

दफा ९०. बमोजिम सजाय हुने कसूरको मुद्दा सम्बन्धी व्यवस्था संघीय कानून बमोजिम हुनेछ ।

**९५. मुद्दा हेर्ने अधिकारीः**

१) दफा ९०. बमोजिमको सजाय हुने कसूर सम्वन्धी मुद्दाको कारवाही किनारा जिल्ला अदालतबाट हुनेछ ।

**९६. उजूरी दिने हद म्यादः**

१) कसैले दफा ९० र ९२. बमोजिमको सजाय हुने कसूर गरेको वा गर्न लागेको थाहा पाउने व्यक्तिले थाहा पाएको मितिले नब्बे दिनभित्र दर्ता गर्ने अधिकारी समक्ष उजूरी दिनु पर्नेछ ।

**९७. पुनरावेदन गर्न सक्नेः**

१) दफा १०. बमोजिम सहकारी संघ, संस्था दर्ता गर्न अस्वीकार गरेको वा दफा ७२. बमोजिम सहकारी संघ, संस्था दर्ता खारेज गरेकोमा चित्त नबुझ्नेले सो निर्णयको जानकारी पाएको मितिले पैंतीस दिनभित्र दर्ता गर्ने अधिकारीको निर्णय उपर नगरपालिका न्यायिक समिति समक्ष पुनरावेदन गर्न सक्नेछ ।

२) दफा ९०, ९१ त्था ९२ बमोजिमको जरिवानामा चित्त नबुझ्ने व्यक्तिले त्यस्तो निर्णयको जानकारी पाएको मितिले पैंतीस दिनभित्र देहाय बमोजिम पुनरावेदन गर्नसक्नेछः

(क) दर्ता गर्ने अधिकारी, न्ययिक समिति तथा कार्यपालिकाले गरेको निर्णय उपर सम्बन्धित जिल्ला अदालतमा ।



(ख) नेपाल राष्ट्र बैङ्कले गरेको निर्णय उपर सम्बन्धित उच्च अदालतमा ।

**९८. असूल उपर गरिनेः**

१) यस ऐन बमोजिम कुनै व्यक्तिले तिर्नु पर्ने जरिवाना वा कुनै रकम नतिरी बाँकी रहेकोमा त्यस्तो जरिवाना वा रकम निजबाट सरकारी बाँकी सरह असूल उपर गरिनेछ ।

२) माथि उल्लेखित कसुर दण्ड जरिवाना तथा पुनरावेदन सम्बन्धी व्यवस्था संघीय कानून अनुसार हुनेछ ।

## परिच्छेद -१७
## विविध

**९९. मताधिकारको प्रयोगः**

१) कुनै सदस्यले सहकारी संघ, संस्थाको जतिसुकै शेयर खरिद गरेको भएता पनि सम्बन्धित सहकारी संघ, संस्थाको कार्य सञ्चालनमा एक सदस्य एक मतको आधारमा आफनो मताधिकारको प्रयोग गर्न पाउनेछ ।

२) उपदफा १) मा जुनसुकै कुरा लेखिएको भएता पनि सहकारी संघको हकमा साधारण भाग लिने प्रयोजनको लागि तोकिए बमोजिम एकभन्दा वढी प्रतिनिधी पठाउन सकिनेछ र प्रतिनिधी पठाउने सम्वन्धी व्यवस्था सहकारी संघ, संस्थाको विनियम वा कार्यविधिमा तोकिए बमोजिम हुनेछ ।

३) उपदफा २) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक सहकारी संघ, संस्थावाट सम्वन्धित संघको सञ्चालक समिति वा लेखा सुपरिवेक्षण समितिको पदहरुमध्ये एक पदमा मात्र उमेदवारी दिन

